# बाणगंगाका कृषकलाई अनुदानमा गहुँको बिउ वितरण

Share 12

Share: Facebook Twitter LinkedIn

वैखरी समाचार डेस्क

प्रकाशित मिति: सोमबार, कार्तिक २६, २०८१,



**सागर वि.क., वैखरी अनलाईन ।**

कपिलवस्तुको बाणगंगा नगरपालिकाले अनुदानमा उन्नत जातको गहुँको बिउ वितरण गर्न सुरु गरेको छ । नगरपालिकाको कृषि विकास शाखाबाट सोमबारदेखि उन्नत जातको गहुँको बिउ वितरण गर्न सुरु भएको शाखा प्रमुख लेष बहादुर केसीले बताए ।






कृषकहरुलाई आवश्यकताका आधारमा बाणगंगा, गौतम, विजय, भृकुटी र एनएल ९७१ गरि पाँच जातका गहुँको बिउ वितरण गरिएको उनले बताए । शाखा प्रमुख केसीले कृषक, समूह तथा सहकारी गरि जम्मा १ हजार २५६ जनालाई गहुँको बिउ वितरण गरिने बताए ।

कृषकहरुको मागका आधारमा नगरको ५० प्रतिशत अनुदान र कृषकको ५० प्रतिशत लागतमा गहुँको बिउ खरिद गरि वितरण गरिएको नगरप्रमुख चक्रपाणी अर्यालले बताए । उनका अनुसार वितरण गरिएको बिउँमा नगरपालिकाको ३८ लाख ५० हजार र कृषकको १९ लाख २५ हजार रुपैयाँ लागत छ ।



नगरप्रमुख अर्यालले कृषकहरुलाई मध्येनजर गर्दै कृषकमैत्री योजनाहरु ल्याएर कार्यान्यन गरिरहेको दाबी गरे । बाणगंगा कृषिको उर्वर भूमि भएकाले कृषिबाटै बाणगंगालाई समृद्ध बनाउन सकिने बताए ।

प्रमुख प्रशासकिय अधिकृत भक्तिराम मरासिनीले कृषकहरुले झेल्दै आएका समस्याहरु समाधान गर्न नगरपालिका प्रतिबद्ध रहेको बताए । बाणगंगाले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर निति तथा कार्यक्रमहरु ल्याएको र सोही अनुसार कार्यान्यनको चरणमा विभिन्न अनुदानका कार्यक्रम संचालन गरिएको उनले बताए ।

बाणगंगा नगरपालिकाको वडा नं.११ र १० मा सबैभन्दा बढी गहुँको बिउँको माग छ । वडा नं.११ मा १८५ क्युन्टल र वडा नं.१० मा १८० क्युन्टल गहुँको बिउको माग रहेको कृषि शाखाले जनाएको छ ।

**0 comments**

Sort by Oldest

Add a comment...

Facebook Comments Plugin

## सम्बन्धित् समाचार




एकादशीमा सन्धिखर्क र शितगंगामा सार्वजनिक बिदा